जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.वि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ अंक ९९ २०८१ साल कात्तिक २८ गते बुधबार (13 Nov. 2024 Wednesday) मूल्य रु. ५/-

**डेंगुबाट बचौं**

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ । तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं ।

**Log in :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : यी हुन् कोपमा नेपालका. ३ पृष्ठमा : 'तराई-मधेश एकीकृत प्राधिकरण स्थापना ... ३ पृष्ठमाजापानले ३० को दशकमा...

# हनुमाननगर कंकालिनी नगरपालिकाको नगरसभा दश दिनभित्र सम्पन्न गरिसक्नु पर्ने निर्णय



**दैनिक समाचारदाता राजविराज, २७ कात्तिक ।**
सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिकाको नगरसभा दश दिनभित्र सम्पन्न गरिसक्नु पर्ने निर्णय भएको छ ।

नगरपालिका र विभिन्न वडाहरुमा लगाइएको ताला खुलाउने सम्बन्धमा मंगलबार प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षता तथा नगर प्रमुख, जिल्ला स्थित सुरक्षा निकायहरु र वडा अध्यक्षहरुको उपस्थितिमा बसेको बैठकले सो निर्णय गरेको हो ।

सोही बैठकले नगर प्रमुख र वडा अध्यक्षको रोहबरमा तालाबन्दी खोली वडा कार्यालय र पालिकाको सेवा सूचारु गर्दै नगरसभा गरि कर्मचारीको तलब भत्ता बितरण गर्ने निर्णय पनि गरिएको छ ।

यस्तै गत असोज २९ गते पालिकामा लगाइएको तालाबन्दी र वडा अध्यक्षहरुप्रति भएको व्यवहार सम्बन्धमा ताला लगाउने पक्षले सो ताला लगाइएको कार्यले नागरिकमा पर्न गएको असुविधाप्रति क्षमा याचना गर्दै आइन्दा यस्तो कार्य नगर्ने प्रतिबद्धतासहित मंगलबारको मितिबाट वडा कार्यालयको ताला खोली सेवा प्रवाह सूचनारु गर्ने निर्णय समेत गरिएको छ ।

सोही बैठकले बाढी प्रभावितको सन्दर्भमा भइरहेको राहत बितरणमा गलत मनसायले भएको, दोहोरिएको वा आफ्नो मानिसलाई बितरण भएको गुनासो सम्बोधनका लागि डब्लुएफपी, सोही नगरपालिकाका सरोकारवाला पक्ष समेतको प्रतिनिधित्वमा छानबिन तथा पुनः यकिन गरी राहत बितरण गर्ने निर्णय गरिएको छ ।

सो बैठकमा नगरप्रमुख बिरेन्द्र माझी, सहायक प्रजिअ जितेन्द्र कुमार यादव, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरिक्षक ज्ञानमणी पौडेल, उपअनुसन्धान निर्देशक सुरेन्द्र कोइराला तथा पालिकाका वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो ।

# चोरी पैठारीका सामान बरामद





**दैनिक समाचारदाता राजविराज, २७ कात्तिक ।**
प्रहरीले भारतीय सीमावर्ती बजारबाट चोरी पैठारी गरी ल्याइएका २ लाख ५० हजार भन्दा बढीका मालसमानसहित एउटा मोटरसाईकल नियन्त्रणमा लिएको छ ।

मंगलवार विहान राजविराज नगरपालिका वडा नं १२ स्थित झल्ही नहर सडक खण्डमा चेकजाँचको क्रममा प्रहरीले भन्सार छली ल्याइएका १ लाख ६६ हजार ५ सय रुपैया बराबरको रेडिमेड कपडा (जर्सी) ३ सय ३३ थान बरामद गरेको हो ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक जीतेन्द्र कुमार बस्नेतका अनुसार बोरामा राखेर ल्याउँदै गरेका तस्करहरु प्रहरी देख्नासाथ बोरा फालेर भागेका थिए ।

प्रहरीको अर्को टोलीले राजविराज नगरपालिका ६ स्थित राममन्दिर चोकमा चेकजाँचको क्रममा भारतबाट भन्सार छली ल्याएको १ लाख १ हजार ९ सय १० रुपैया मूल्य बराबरको चिनी, विस्कुट, बटर लगायतका सामग्री बरामद गरेको समेत उनले जानकारी दिए ।

नम्बर नखुलेको मोटरसाईकलमा राखेर ल्याउदै गर्दा चेकजाँचमा प्रहरी खटेको देखेपछी समान सहित मोटरसाईकल छाडेर तस्करहरु भागेको प्रहरी नायव उपरिक्षक वस्नेतको भनाई छ ।

बरामद समान र मोटरसाइकल राजविराज भन्सार कार्यालय चलान गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# विद्यापती स्मृती पर्वमा रक्तदान



**दैनिक समाचारदाता राजविराज, २७ कात्तिक ।**
मैथिली साहित्य परिषद सप्तरीले मैथिली भाषाका महाकवी विद्यापतीको स्मृति दिवसमा मंगलबार रक्तदान कार्यक्रम गरेको छ ।

स्मृति दिवसको तीन दिवसीय कार्यक्रम अन्तर्गत पहिलो दिन रक्त संचार सेवा केन्द्रमा आयोजित रक्तदान कार्यक्रममा परिषदका अध्यक्ष अवधेश झाका साथै पूर्व मन्त्रि उमेश प्रसाद यादव, प्रहरी उपरिक्षक ढकेन्द्र खतिवडा, परिषदका सचिव इन्जिनीयर संजिव नारायण यादव, कोषाध्यक्ष ललिता झा, मैथिल युवा परिषदका अध्यक्ष अखिलेश झा, पत्रकार जितेन्द्र झा लगायत २१ जनाले रक्तदान गरेका छन् ।

रगतको अभावले समस्या भईरहेका बेला परिषदले गरेको रक्तदान कार्यक्रमले मद्दत पुर्याउने रक्त संचार सेवा केन्द्रका इन्चार्ज नवीन झाले बताए ।

रक्तदान कार्यक्रम सके लगतै परिषदले स्थानीय मैथिली भवनमा कवि गोष्ठिको आयोजना समेत गरि स्मृति दिवसको पहिलो दिनको कार्यक्रम सम्पन्न गरेको मैथिली साहित्य परिषदका अध्यक्ष झाले जानकारी दिए ।

विद्यापती स्मृति दिवसको दोश्रो दिन बुधवार मैथिली भाषालाई सरकारी कामकाजको भाषा बनाउने आवश्यक्ता विषयक विचार गोष्ठि तथा तेश्रो दिन विहीवार मिथिला संस्कृति झल्काउने झाँकी, श्रद्धान्जली सभा, साँस्कृतिक कार्यक्रम तथा पुरस्कार वितरण लगायतका कार्यक्रम गरिने तय भएको अध्यक्ष झाले जानकारी दिए ।

मिथिला र मैथिलीको प्रतिक महाकविद्यापतीको स्मृति एवं सम्मानमा आयोजना भईरहेको तीन दिवसीय पर्व समारोहलाई भव्य र सभ्यरुपमा सम्पन्न गर्न भगिनी संस्था मैथिल युवा परिषद, मैथिली विद्यार्थी परिषद, मैथिली महिला परिषद र मैथिलि पत्रकार समेतको सहयोग र सहभागिता रहेको मुल आयोजक मैथिली साहित्य परिषद सप्तरीले जनाएको छ ।

# दश हजार किशोरीलाई आत्मरक्षा सम्बन्धी तालिम दिइने

पर्सा, २७ कात्तिक (रासस) ।
वीरगञ्ज महानगरपालिकाले दश हजार बढी किशोरीलाई आत्मरक्षा सम्बन्धी तालिम सञ्चालन गर्ने भएको छ । किशोरीहरू माथी हुने हिंसाजन्य गतिविधि न्यूनीकरण गर्दै उनीहरूको आत्मबल अभिवृद्धि गर्न महानगरले तालिम सञ्चालन गर्न लागेको हो ।

“महानगरमा बस्ने किशोरीहरू ढुक्कसाथ जुनसुकै बेला हिँडडुल गर्न सकुन् । कुनै प्रकारको आत्मविश्वासको कमी नहोस् भनेर आत्मरक्षा तालिम दिन लागेका हौँ,” वीरगञ्ज महानगरका प्रमुख राजेशमान सिंहले भन्नुभयो, “महानगरमा कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राहरूलाई लक्षित गरी तालिम सञ्चालन गरिने छ ।”

महानगरका अनुसार महानगरभित्रका सामुदायिक तथा निजी विद्यालयका विद्यार्थीसहित अन्य किशोरी तालिममा सहभागी गराइने छ ।

बुधबार वीरगञ्जको आदर्शनगरस्थित रङ्गशालामा करिब १२ हजार बढी किशोरी तथा महिलाहरूलाई आत्मरक्षाको तालिम सञ्चालन गर्ने तयारी छ ।

वीरगञ्ज महानगरका उपप्रमुख इम्तियाज आलमले तालिमले किशोरीलाई आत्मरक्षा गर्न सिकाउने बताउनुभयो । भारतका ख्यातिप्राप्त मार्सल आर्ट प्रशिक्षक चिता राजनेश शेट्टिसहितको टिमले प्रशिक्षण दिने कार्यक्रम छ ।

महानगरका निमित्त प्रमुख प्रशासकीय अधिकृत अरविन्दलाल कर्णले १० हजार बढी किशोरीलाई आत्मरक्षा सम्बन्धी तालिम दिएर ‘गिनिज वर्ल्ड रेकर्ड’ मा विश्व किर्तीमान कायम गर्ने तयारी भइरहेको पनि जानकारी दिनुभयो ।

# आगामी निर्वाचन अगावै संविधान संशोधन हुनसक्ने

मोरङ, २७ कात्तिक (रासस) ।
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले आगामी निर्वाचन अघि संविधान संशोधन हुनसक्ने बताउनुभएको छ ।

विराटनगर विमानस्थलमा मंगलवार सञ्चारकर्मीहरूसँग कुरा गर्दै उहाँले संविधानका सबल र दुर्बल पक्षको समीक्षा गर्दै संविधान संशोधन हुनुपर्ने बताउनुभयो ।

उहाँले प्रमुख प्रतिपक्षीसहित अन्य विपक्षी दललाई साथमा लिएर संविधान संशोधन गरिने बताउनुभयो । उहाँले संविधान संशोधनका निम्ति केन्द्रदेखि स्थानीय तहसम्मका सबै दलसँग सहकार्य गरिने स्पष्ट गर्नुभयो ।

महासचिव पोखरेलले राष्ट्र निर्माणको उद्देश्यका साथ एमाले र कांग्रेसबीच सहकार्य भएको तथा सरकारका काम प्रभावकारी ढङ्गले सम्पादन गर्न द्विदलीय संयन्त्र गठन भएको जानकारी दिनुभयो ।

**खुशीको खबर ! खुशीको खबर !! खुशीको खबर !!!**

**राजविराजबाट सिरहा माडरसम्मको आरामदायी यात्राका लागि**
सिरहा रोड राजविराजस्थित राम मन्दिरदेखी बोदेबरसाइन, भगवानपुर, बरियारपट्टी हुलाकी सडक हुँदै सिरहा माडरका लागि यही कात्तिक २३ गतेदेखी **विंगर** संचालन भएको जानकारी गराइन्छ ।

**सम्पर्क व्यक्ति**
**गुलाब यादव**
सम्पर्क नं. ९८०५९००५११

## सम्पादकीय ....

### सकारात्मक पहल आवश्यक

नेपालमा खासगरी ग्रामीण क्षेत्रका महिला र बालबालिकाहरुको अवस्था अझै पनि चिन्ताजनक रहेको छ । महिला र बालबालिकाहरुको अवस्थामा सकारात्मक परिवर्तन ल्याउनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कैयन प्रयासहरु भएका छन् । तर यस्ता खाले प्रयासहरुबाट महिला तथा बालबालिकाको अवस्थामा केही सुधार आए पनि समग्र रुपमा हालसम्म पनि स्थिति सकारात्मक बन्न सकेको छैन ।

महिलाहरुको स्वास्थ्य, प्रजनन् स्वास्थ्य, शिक्षा, आर्थिक, श्रोत र साधनमा पहुँच आदि सवालमा हाम्रा ऐन र नियमावलीले पर्याप्त रुपमा बोलेको भए पनि महिलाहरुको यस्ता अवस्थाहरुमा हालसम्म पनि सकारात्मक नतीजा पूर्ण रुपले आउन नसक्नु दुःखद छ । महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासंधि १९७९ र बालबालिका सम्बन्धि महासंधिले महिला तथा बालबालिकाको अधिकार प्राप्तिका लागि राज्यपक्षलाई जिम्मेवार बनाएको छ । नेपालले पनि ति दुवै महासंधि आधारमा ऐन तथा नियमावलीहरु निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । महिलामाथिको प्रताडना, शोषण र विभेद कायमै छ । महिलालाई बोक्सी आरोपमा मुलमुत्र खुवाउने, कुट्ने जस्ता अमानवीय घटनाहरु समाचार पत्रका शीर्षक बन्ने गरेका छन् । यसैगरी बालबालिकाहरुको शिक्षाको अधिकार खेलकुद र मनोरञ्जनका अधिकार, शोषण-भेदभाव विरुद्धको अधिकार आदिमा केही सुधार भए पनि सम्पूर्ण रुपमा सन्तोष गर्ने स्थिति भने अझसम्म पनि बन्न सकेको छैन ।

तसर्थ महिला र बालबालिकाहरुको अधिकारलाई प्राथमिकतामा राखेर उनीहरुलाई विकासको मुलधारामा समाहित गराउनु आजको आवश्यकता हो । उनीहरुको अवस्था सुधारका लागि तत्कालै तीनै तहको सरकारले गम्भीरतापूर्वक पहल गर्नु आवश्यक छ ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# यी हुन् कोपमा नेपालका अपेक्षा

बाकु (अजरबैजान), २७कात्तिक (रासस) । जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धि (युएनएफसीसीसी) का पक्ष राष्ट्रहरूको शिखर सम्मेलन कोप-२९ यही सोमबारदेखि अरजरबैजानको बाकुमा सुरु भएको छ । आगामी मङ्सिर ७ गतेसम्म चल्ने उक्त कोप सम्मेलनमा भाग लिन नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति रामचन्द्र पौडेल सोमबार बाकु पुगिसक्नुभएको छ ।

कोप-२९ मा पर्वतीय मुद्दाका विषयमा प्राथमिकताका साथ छलफल हुने, जलवायु बित्त बढाउन विकासशील मुलुकहरू सहमतिमा आउने, पेरिस सम्झौता कार्यान्वयनका लागि सकारात्मक प्रतिक्रिया प्राप्त हुने, कार्वन व्यापारका लागि विश्वबजार सुनिश्चित हुने, अनुकूलन तथा जलवायु न्यूनीकरण र जलवायुजन्य हानि नोक्सानीका लागि आवश्यकता पर्ने वित्तीय व्यवस्थापन हुने अपेक्षा गरिएको छ ।

विगतका सम्मेलनमा जस्तै कोप-२९ मा पनि नेपालले जलवायुका कारण पर्वतीय क्षेत्रमा परेका समस्या न्यूनीकरणका लागि पहल गर्ने र पर्वतीय क्षेत्रका सुरक्षाका लागि आवाज उठाउने तयारी गरिरहेको छ । सम्मेलनमा भाग लिने क्रममा अजरबैजानको बाकुमा रहनुभएका राष्ट्रपति पौडेलले यस वर्षको कोपमा हिमाल र पृथ्वीको सुरक्षाका लागि आवाज उठाउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । एक सय ९२ भन्दा बढी मुलुकका राष्ट्र तथा सरकारप्रमुखदेखि उच्च पदस्थ अधिकारीसामु उहाँले हिमालको सुरक्षाको मुद्दालाई प्राथमिकताका साथ प्रस्तुत गर्ने कार्यक्रम तय भएको राष्ट्रपतिको सचिवालयले जनाएको छ । सचिवालयका अनुसार राष्ट्रपति पौडेलले कोप सम्मेलनमा जलवायु परिवर्तनको असरका कारण बढेको जोखिमका उदाहरणहरू समेत प्रस्तुत गर्दै हुनुहुन्छ ।

राष्ट्रपति पौडेलका बन तथा वातावरण सल्लाकार डा प्रमेश्वर पोखरेल जलवायु परिवर्तनले निम्त्याएका समस्या समाधानका लागि स्पष्ट मार्गचित्रसहित विश्वको ध्यानाकर्षण गर्न कोप सफल हुने बताउनुहुन्छ ।

यसैगरी जलवायुजन्य परिस्थितिले सिर्जना गरेका विपद्जन्य घटनाका विभिन्न उदाहरण कोपमा प्रस्तुत गरिने कार्यक्रम रहेको जानकारी दिँदै वन तथा वातावरण मन्त्रालयअन्तर्गत जलवायु परिवर्तन व्यवस्थापन महाशाखाका प्रमुख डा सिन्धुप्रसाद ढुङ्गाना भन्नुहुन्छ, "बेमौसमी विपद्, थामेको हिमपहिरो, विपद्जन्य घटनाहरू हामी कोपमा प्रस्तुत गर्नेछौं । जलवायुजन्य हानी नोक्सानीका लागि बित्तीय पहुँचबारे पैरवी गरी विश्वको ध्यान नेपालतर्फ आकर्षित गर्न अधिकतम प्रयास गर्नेछौं ।"

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव डा कृष्णहरि पुस्करले नेपालले कार्वन उत्सर्जन गराउनमा नगन्य भूमिका खेले पनि विकसित मुलुकहरूले उत्सर्जन गराएको कार्वनडाईअक्साईडले निम्त्याएको जलवायुजन्य समस्या नेपालजस्ता मुलुकले खेप्नुपरेको उल्लेख गर्दै जलवायु वित्तमा सहज पहुँच र जलवायु न्याय कोपमा सुनिश्चित हुनुपर्नेमा जोड दिनुभयो ।

जलवायुविद् मञ्जित ढकालले विश्वव्यापीरूपमा बढ्दो जलवायु प्रभावहरू र नेपालमा भएका विनाशकारी बाढी-पहिरोजस्ता जलवायु परिवर्तनले सिर्जित गरेका विपद्का कारण तत्काल जलवायु कार्यको आवश्यकता अझ स्पष्ट बनाएको तथा यस विषयमा व्यापक छलफल हुने अपेक्षा गर्नुभएको छ ।

"कोप-२९ मा नयाँ जलवायु वित्त लक्ष्य अपनाउनका लागि नेपालले जोडदार माग गरेको छ । विश्वव्यापी तापक्रम वृद्धिलाई १.५ डिग्री सेल्सियसभन्दा तल सीमित राख्ने स्पष्ट मार्गनिर्देशनको आवश्यकता उठाएको छ," उहाँले भन्नुभयो, "पर्वतीय प्राथमिकतासँग सम्बन्धित छलफलहरूमा नेपाल सक्रियरूपमा सहभागी छ । पहाडी क्षेत्रमा देखिएको जलवायु परिवर्तनका प्रभावलाई सम्बोधन गर्ने उद्देश्यका साथ नेपालको तर्फबाट विशेष छलफलका लागि माग गर्ने तयारी भइरहेको छ ।"

त्यस्तै जलवायु व्यवस्थापनविद् डा धर्मराज उप्रेती जलवायु न्यायका सिद्धान्तमा आधारित जलवायु वित्त परिचालन हुनुपर्ने बताउनुहुन्छ ।

**कोपका लागि तय गरिएका यी हुन् मुख्य ६ एजेन्डा**

जलवायुजन्य जोखिम न्यूनीकरण गर्न र मुलुकको समग्र हितका लागि मुख्य ६ एजेन्डालाई उच्च प्रथामिता दिई नेपाली प्रतिनिधिहरू कोपमा उपस्थित भएका छन् । वन तथा वातावरण मन्त्रालयका अनुसार जलवायु वित्त, जलवायुजन्य हानी नोक्सानी न्यूनीकरण, कार्वन व्यापार, उत्सर्जन मापन, पर्वतीय मुद्दा, प्रविधि र क्षमता अभिवृद्धि, जलवायु परिवर्तन अनुकूलन, समावेशिताका ६ विषयगत कार्यपत्र तयार गरिएका छन् ।

"नेपालको राष्ट्रिय स्थितिपत्र तयार गरी कोपमा ल्याइसकेका छौं, यसमा राष्ट्रिय अवधारणापत्र, जलवायु अनुकूलन, जलवायु वित्त, कृषि र खाद्य प्रणाली, स्वास्थ्य र जलवायु परिवर्तन, ऊर्जा सङ्क्रमण, दक्षता, पानी तथा जलवायुजन्य कार्य, जलवायुका लागि प्रकृतिलगायतका विषयवस्तुहरू समावेश गरिएका छन्," वन तथा वातावरण मन्त्रालयका सहसचिव डा बुद्धि पौडेलले भन्नुभयो ।

गत वर्ष युनाइटेड अरब इमिरेट्स (युएई) को दुबईमा सम्पन्न कोप-२८ मा स्थापना गरिएको जलवायुजन्य हानी-नोक्सानीसम्बन्धी कोषको प्रभावकारी कार्यान्वयनका पक्षमा नेपालका तर्फबाट दबाब दिने तयारी भइरहेको वन तथा वातावरण मन्त्रालयले स्पष्ट गरेको छ ।

# उम्मेदवारको योग्यतासम्बन्धी प्रावधान पालना गर्न आयोगको निर्देशन

काठमाडौं, २७ कात्तिक (रासस) । निर्वाचन आयोगले आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ । आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानूनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो ।

यसअघि सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेको स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्नसमेत निर्देशन दिएको आयोगले जनाएको छ ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानूनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगका प्रवक्ता नारायणप्रसाद सापकोटाले जानकारी दिनुभयो ।

भ्रष्टाचार, जबरर्जस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन ।

सङ्गठित अपराधसम्बन्धी कसूरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

कानूनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ । जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानून बमोजिम निलम्बनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

आगामी मङ्सिर १६ गते विभिन्न कारणले स्थानीय तहमा रिक्त पदका लागि उपनिर्वाचन हुँदैछ । जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख एक, उपप्रमुख एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदका लागि उक्त दिन निर्वाचन हुनेछ ।

उपनिर्वाचनका लागि मङ्सिर २ गते उम्मेदवारी दर्ता गर्ने कार्यतालिका छ । मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छभने सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुने निर्वाचन तालिका छ ।

# ‘तराई-मधेश एकीकृत प्राधिकरण स्थापना आवश्यक’

पर्सा, २७ कात्तिक (रासस) ।

यहाँ सम्पन्न राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) नेपालको दुईदिने तराई-मधेश राष्ट्रिय सम्मेलनले ‘तराई-मधेश एकीकृत प्राधिकरण’ स्थापना गर्न सरकारसँग माग गर्ने निर्णय गरेको छ । तराई-मधेशको उत्थान र जनताको आर्थिकस्तर उकास्न उक्त प्राधिकरण स्थापना आवश्यक रहेको राप्रपाको ठहर छ ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा तराई-मधेशका २१ जिल्लाका जनताको उत्थान र आर्थिकस्तरमा सुदृढीकरण गर्न एकीकृत प्राधिकरण स्थापना गर्नुपर्ने निर्णय सम्मेलनले गरेको जानकारी दिनुभयो । “मधेशको जनसङ्ख्या मुलुककै आधाभन्दा धेरै छ । तर, यहाँका जनताको आर्थिकस्तर र उत्थान हुन सकिरहेको छैन,” उहाँले भन्नुभयो, “पार्टीको राष्ट्रिय सम्मेलनले प्राधिकरण स्थापना गरेर जनजीविकालाई सुधार्नुपर्ने निर्णय गरेको छ ।”

अध्यक्ष थापाले हाल तराई-मधेशको विकासका लागि नगण्य बजेट विनियोजन हुँदै आइरहेको बताउनुभयो । आगामी दिनमा जनसङ्ख्याका आधारमा बजेट विनियोजन हुनुपर्ने उहाँको धारणा छ ।

सम्मेलनले तराई मधेशको सांस्कृतिक विविधतालाई अझ विस्तार गर्न मैथिली, भोजपुरी, अवधि र थारु भाषाको संरक्षण र सम्वर्द्धका लागि मातृभाषा संरक्षण आयोग गठन गर्नुपर्ने निर्णय पनि गरेको छ । अध्यक्ष थापाले तराई-मधेश मुलुककै अन्नभण्डार भएकाले यहाँको कृषि र सिँचाइको एकीकृत योजना अघि बढाउने निर्णय गरेको जानकारी दिनुभयो ।

त्यसैगरी राप्रपा नेपालको राष्ट्रिय सम्मेलनले आगामी पुसमा सुनसरीको चतराधामदेखि त्रिवेणीधामसम्म पार्टीको जनजागरण अभियान सञ्चालन गर्ने निर्णय गरेको छ । सम्मेलनमा दुई सय बढी पार्टी प्रतिनिधिको सहभागिता रहेको थियो ।

# इन्ड्राइभद्वारा नेपालमा नयाँ “इन्ड्राइभ कम्फर्ट” सुविधा

**दैनिक समाचारदाता**
**काठमाडौं, २७ कात्ति ।**




इन्ड्राइभ, ग्लोबल मोबिलिटी र अर्बन सर्भिस प्लेटफर्मले यात्रुहरूलाई थप आरामदायी, प्रिमियम राइड विकल्प उपलब्ध गराउने उद्देश्यले नेपालमा आफ्नो नयाँ ‘इन्ड्राइभ कम्फर्ट’ फिचर सुविधा सुरु गरेको छ ।

यात्राको अनुभव बढाउन डिजाइन गरिएको इन्ड्राइभ कम्फर्ट सुविधाले यात्रुहरूलाई परिष्कृत सुविधाहरू सहितको प्रिमियम लेभलका सवारी साधनमायात्रा गर्न सहज बनाउन सो सुविधा सुरु गरेको जनाएको छ ।

कम्फोर्ट सवारीहरू उच्च गुणस्तरका सवारी साधनहरू र उच्च स्तरको सेवाप्रदान गर्न समर्पित तथा हाइरेटिङ गरिएका ड्राइभरहरूका साथयात्रा गर्न खोज्नेहरूका लागि उपयुक्त हुने जनाइएको छ ।

नयाँ सुविधासँगै, नेपाली यात्रुहरूले अब थप आरामदायी र सुविधाजनक यात्राको आनन्द लिन इन्ड्राइभ कम्फर्ट राइडहरू रोज्न सक्ने जनाएको छ ।

इन्ड्राइभ साउथ एशियाका सिनियर मार्केटिङ म्यानेजर, अविक कर्माकारले भने, “इन्ड्राइभमा, हामी हाम्रा ग्राहकहरूको आवश्यकताहरू पूरा गर्न किफायती, सुविधाजनक वा थपकम्फोर्ट सवारी विकल्पहरू प्रदान गर्न समर्पित रहेका छौं । इन्ड्राइभ कम्फर्ट राइडको सुरुवात नेपालमा इन्ड्राइभको लागि आकर्षक विकास हो । हामी हाम्रा प्रयोगकर्ताहरूको विशिष्ट आवश्यकताहरू पूरा गर्ने उपयुक्त सवारी विकल्पहरू प्रस्ताव गर्न प्रतिबद्ध छौं । इन्ड्राइभ कम्फर्टको साथ, यात्रुहरूले फराकिलो, रमाइलो र उचित मूल्यको सवारीको प्रतीक्षा गर्न सक्छन्, जबकि हाम्रा चालक साझेदारहरूले उत्कृष्ट सेवा प्रदान गर्ने थप अवसरहरू प्राप्त गर्छन् ।”




# विश्व समाचार

## जापानले ३० को दशकमा जैविक इन्धनयुक्त नयाँ कार ल्याउने

टोकियो, २७ कात्तिक (रासस/एएफपी) ।

जापानले सन् २०३० को दशकको शुरूमा सबै नयाँ यात्रुवाहक कारलाई जैविक इन्धनयुक्त बनाउन कार निर्माताहरूलाई प्रोत्साहित गर्ने योजना अघि सारेको छ । स्थानीय सञ्चारमाध्यमका अनुसार उद्योग मन्त्रालयले उपसमितिको बैठकमा सार्वजनिक गरेको नयाँ लक्ष्यले तेल थोक बिक्रेताहरूलाई आर्थिक वर्ष २०३० सम्ममा १० प्रतिशतसम्म बायोएथेनोल मिश्रित पेट्रोल आपूर्ति सुरु गर्न आग्रह गर्ने लक्ष्य राखेको छ । मन्त्रालयले यो परिवर्तनलाई कानुनमार्फत अनिवार्य बनाउनेबारे पनि सोचिरहेको बताइएको छ ।

“यसबाहेक, मन्त्रालयले अर्को ग्रीष्मऋतुसम्ममा अन्तिम रूप दिने अपेक्षा गरिएको एक कार्य योजना तयार गरिरहेको छ र बायोएथेनोल-मिश्रित इन्धनहरू समायोजित गर्न ग्यास स्टेशनहरूमा आवश्यक तयारीका लागि सहयोग गर्नेछ,” रिपोर्टमा भनिएको छ । मकै र उखुबाट बनेको बायोएथेनोलले प्रकाश संश्लेषणको क्रममा कार्बन डाइअक्साइड सोस्छ । यो प्राकृतिक प्रक्रियाले बायोएथेनोल-मिश्रित इन्धनजलाउँदा उत्पन्न कार्बन डाइअक्साइड उत्सर्जनलाई नियन्त्रण गर्न मद्दत गर्ने विश्वास गरिएको छ ।

## जलवायु परिवर्तनको असर न्यून गर्ने प्रयास निरन्तर

बाकु, २७ कात्तिक (रासस/एएफपी) ।

पेरिस सम्झौताबाट बाहिरिने प्रतिबद्धता जनाएका डोनाल्ड ट्रम्प पुनः निर्वाचित भए पनि जलवायु परिवर्तनसम्बन्धी विश्वव्यापी कदमले निरन्तरता पाउने संयुक्त राष्ट्रसङ्घका अधिकारीले बताएका छन् । “जलवायु परिवर्तनसम्बन्धी कदम ‘बलियो छ र रहिरहनेछ’,” संयुक्त राष्ट्रसङ्घका जलवायु प्रमुख सिमोन स्टिएलले मङ्गलबार बताउनुभयो । “तपाईंहरूमध्ये धेरैले विगत हप्ताहरूमा राजनीतिक घटनाहरूको जलवायु प्रभावहरूको बारेमा रिपोर्ट गर्दै हुनुहुन्छ । म यति मात्र भन्छु: हाम्रो अभियान सशक्त छ र रहिरहनेछ,” उहाँले भन्नुभयो । सन् २०१५ को ऐतिहासिक पेरिस सम्झौताबाट अमेरिका पछि हटेपछि वार्ताको टेबुलको महत्वाकाङ्क्षालाई कमजोर पार्न सक्ने चिन्ताका साथ ट्रम्पको चुनावी जितले अजरबैजानको कार्यसूचीमा व्यापक अन्योल छाएको विश्लेषकहरूले जनाएका छन् । स्टिएलले जलवायुमा विश्वव्यापी ऐक्यबद्धता देखाउन बैठकको आह्वान रहेको दोहोऱ्याउँदै भन्नुभयो, “विश्वव्यापी तापमान वृद्धिबाट बच्नका लागि विश्वव्यापी सहयोग नै एक मात्र उपाय हो ।”

विकासशील देशहरूलाई जलवायु परिवर्तनसँग अनुकूलन गर्न र जीवाश्म ईन्धनबाट आफ्नो अर्थव्यवस्थालाई मुक्त गर्न मद्दत गर्न सहयोगको वृद्धिमा केन्द्रित रहेको छ । अहिले रकम तिरिरहेका धनी देशहरूको सानो समूहले दाताहरूको सङ्ख्या विस्तार भएको हेर्न चाहन्छन् र वार्षिक १०० अर्ब डलरको वर्तमान प्रतिज्ञालाई दस गुणा बढाउने आह्वानको विरोध गरिरहेका छन् । धेरै मुलुकले घरेलु जनतालाई जलवायु नियन्त्रणभन्दा मुद्रास्फीति र सुस्त अर्थव्यवस्थाको बारेमा बढी चिन्तित भएको बताएका छन् । तर स्टिलले भने यी दुईको सम्बन्ध रहेको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, “जलवायु सङ्कट तीव्र गतिमा प्रमुख अर्थतन्त्रको तगारो बन्दै गइरहेको छ । समस्या नियन्त्रणका लागि कुनै कदम नचालेमा ‘हरेक देश र प्रत्येक घरपरिवार अहिलेको भन्दा पनि बढी प्रभावित बन्नेछन् ।” “जलवायु नियन्त्रण वैश्विक मुद्रास्फीति बीमा हो,”उहाँले भन्नुभयो ।

## उत्तर कोरियाद्वारा रूससँग गरेको सुरक्षा सम्झौता अनुमोदन

सियोल, २७ कात्तिक (रासस/एएफपी) ।

उत्तर कोरियाले रुससँग गरेको ऐतिहासिक सुरक्षा सम्झौता अनुमोदन गरेको छ । यसले सुरक्षा सहयोगलाई अझ प्रगाढ बनाएको छ । यसै सम्झौताका आधारमा प्योङयाङले मस्कोलाई युक्रेनविरुद्ध लड्न मद्दत गर्न हजारौं सैनिक पठाएको हो । यो सम्झौताले शीतयुद्धदेखि सहयोगी रहेका दुई समाजवादी मुलुकबीच महिनौंदेखिको सैन्य सम्बन्धलाई औपचारिकता दिएको छ ।

सियोल र सहयोगी संयुक्त राज्य अमेरिकाले आणविक शक्ति सम्पन्न उत्तर कोरियाले रुसमा हजारौं सैनिक पठाएको आरोप लगाउँदै आएका छन् । उत्तर कोरियाली सैनिकलाई रूसी पोशाकले सुसज्जित गरी कुर्स्क नजिकैको सीमामा जम्मा गरिएको ती मुलुकका सैनिक अधिकारीले बताएका छन् । कोरियाली केन्द्रीय समाचार संस्था (केसीएनए) का अनुसार उक्त सम्झौतालाई नेता किम जोङ उनको आदेशको रुपमा अनुमोदन गरिएको छ ।

राष्ट्रपति भ्लादिमिर पुटिनले हस्ताक्षर गरेको उक्त सम्झौतालाई अनुमोदन गर्न गत साता रुसी सांसदहरूले सर्वसम्मतिले मतदान गरेपछि उत्तर कोरियाका तर्फबाट यो सूचना आएको हो । केसीएनएले भनेको छ, “दुवै पक्षले अनुमोदनका लिखत आदानप्रदान गरेको दिनदेखि यो सम्झौता लागू हुने बताइएको छ ।”

उत्तर कोरिया युक्रेनमा रूसको आक्रमणको सबैभन्दा मुखर र महत्वपूर्ण समर्थक बनेको छ्पश्चिमा राष्ट्रहरूले लामो समयदेखि मस्कोलाई युक्रेनमा प्रयोग गर्नका लागि तोपका गोला र क्षेप्यास्त्रहरू आपूर्ति गरेको आरोप प्योङयाङलाई लगाउँदै आएका थिए तर हालैका हप्ताहरूमा हजारौं उत्तर कोरियाली सैनिकहरू युद्धमा संलग्न हुन तयार भएपछि यो समर्थन बढेको छ ।

दुई देशबीचको सम्झौता गत जुनमा क्रेमलिन प्रमुखको उत्तर कोरिया भ्रमणका क्रममा रणनीतिक साझेदारी सन्धिमा हस्ताक्षर गरेका थिए । यसले दुवै देशलाई एकअर्कामाथि आक्रमण भएमा ‘अविलम्ब’ सैन्य सहायता प्रदान गर्न र पश्चिमी प्रतिबन्धहरूको विरोध गर्न अन्तर्राष्ट्रिय रूपमा सहयोग गर्न बाध्य बनाएको छ। पुटिनले गत जुनमा भएको सम्झौतालाई ‘ब्रेक थ्रु डकुमेन्ट’ को संज्ञा दिनुभएको थियो । कोरिया इन्स्टिच्युट फर नेसनल युनिफिकेसनका वरिष्ठ विश्लेषक होङ मिनले भन्नुभयो, “द्विपक्षीय अनुमोदनसँगै प्योङयाङ र मस्कोले रूसमा उत्तर कोरियाको सैन्य तैनाथीका लागि वैधता दावी गर्नेछन् ।”

